माननीय मन्त्रीबाट स्वीकृत मिति २०७३।९।८

# पर्यटनसँग सम्वद्ध व्यक्ति तथा संस्थालाई सम्मान गर्ने सम्वन्धी

# कार्यविधि, २०७३

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## सिंहदरवार

# पर्यटनसँग सम्वद्ध व्यक्ति तथा संस्थालाई सम्मान गर्ने सम्वन्धी

# कार्यविधि, २०७३

**प्रस्तावना**: नेपालको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धन गर्नका लागि निजि क्षेत्रका संघ संस्था र व्यक्तिलाई प्रोत्साहन गर्न आवश्यक भएकोले पर्यटन सँग सम्वद्ध क्षेत्रका उत्कृष्ट व्यक्ति तथा संस्थालाई सम्मान गरी प्रोत्साहित गर्न मन्त्रालयले यो "**पर्यटनसँग सम्वद्ध व्यक्ति तथा संस्थालाई सम्मान गर्ने सम्वन्धी कार्यविधि**, **२०७३**" निर्माण गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "पर्यटनसँग सम्वद्ध व्यक्ति तथा संस्थालाई सम्मान गर्ने सम्वन्धी कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "पर्यटन सम्वद्ध व्यक्ति" भन्नाले प्रत्यक्ष रुपमा नेपालमा पर्यटनको विकासमा टेवा पुऱ्याउने कृयाकलापमा संलग्न व्यक्त सम्झनु पर्दछ ।

(ग) "पर्यटन सम्वद्ध संस्था" भन्नाले प्रत्यक्ष रुपमा नेपालमा पर्यटनको विकासमा टेवा पुऱ्याउन दर्ता भई कृयाशिल रहेको संस्था सम्झनु पर्दछ ।

(घ) "पर्यटन व्यवसायी" भन्नाले प्रत्यक्ष रुपमा नेपालमा पर्यटनको विकासमा टेवा पुऱ्याउन दर्ता भएको व्यवसायमा संलग्न व्यक्ति सम्झनु पर्दछ ।

(ङ) "पर्यटन पत्रकार" भन्नाले नेपालमा पर्यटन प्रवर्द्धनको लागि पर्यटनसँग सम्वन्धित समाचार संकलन तथा प्रसारणमा संलग्न व्यक्तिलाई सम्झनु पर्दछ ।

३. **कार्यविधिको उद्येश्य**: यस कार्यविधिको उद्येश्य देहाय बमोजिम हुनेछ:

(क) पर्यटनसँग सम्वद्ध उत्कृष्ट व्यक्ति तथा संस्थाहरु छनोट गर्ने क्षेत्रहरु पहिचान गर्ने ।

(ख) पर्यटनसँग सम्वद्ध उत्कृष्ट व्यक्ति तथा संस्थाहरु छनोट गर्ने आधारहरु तयार गर्ने ।

(ग) पर्यटनसँग सम्वद्ध उत्कृष्ट व्यक्ति तथा संस्थाहरुको छनोट गर्ने प्रकृयाहरु निर्धारण गर्ने ।

(घ) पर्यटनसँग सम्वद्ध उत्कृष्ट व्यक्ति तथा संस्थाहरुलाई सिफारिस गर्न सिफारिस समितिको गठन गर्ने ।

(ङ) पर्यटन सम्वद्ध व्यक्ति तथा संस्थालाई सम्मान गर्नको लागि आवश्यक आवश्यक प्रकृयाहरु तयार गर्ने ।

(च) समग्रमा सर्वोत्कृष्ठ व्यक्ति तथा संस्थाहरुको छनोट हुने वातावरण तयार गरी पर्यटन क्षेत्रको विकासमा योगदान गर्ने व्यक्ति तथा संस्थालाई सम्मान गर्ने ।

४. **<u>पर्यटनसँग सम्वद्ध सम्मान गर्ने विधाहरु</u>:** (१) पर्यटन सँग सम्वद्ध सम्मान गर्ने विधा देहाय बमोजिम हुनेछन:

(क) होटल व्यवसाय

(ख) ट्राभल सम्वन्धी कार्य

(ग) ट्रेकिङ्ग/पर्वतारोहण सम्वन्धी कार्य

(घ) ¥याफ्टिङ्ग सम्बन्धी कार्य

(ङ) पर्यटन पत्रकार

(च) एयरलायन्स सम्बन्धी

(छ) टुरिष्ट गाइड सम्वन्धी कार्य

(ज) ट्रेकिङ्ग गाइड सम्वन्धी कार्य

(झ) क्लाइम्बर गाइड सम्वन्धी कार्य

(ञ) एयर स्पोर्टस (प्याराग्लाइडिङ्ग, अल्ट्रालाइट लगायत) सम्वन्धी कार्य सम्वन्धी कार्य

(ट) विविध

(२) उपदफा (१) बमोजिमका विधाहरुमा एक पटकमा कम्तीमा एउटा विधाबाट एक जना व्यक्ति वा संस्था समावेश हुने गरी पर्यटन व्यवसायी तथा संस्थाहरुलाई सम्मान गरिनेछ ।

५. **<u>होटल व्यवसाय सम्वन्धी सिफारिसका आधार</u>:** होटल व्यवसाय गर्ने व्यक्ति वा संस्थालाई सम्मान गर्न सिफारिस गर्ने आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) वैदेशिक मुद्रा आर्जन

(ख) रोजगारी सृजना

(ग) होटलको उपयोग क्षमता

(घ) राजस्व संकलन

(ङ) दुर्गम क्षेत्रमा सेवा विस्तार

(च) राजस्व बांकी बक्यौता नभएको

(छ) व्यवसाय शुरु गरेको अवधि

(ज) हाल सम्मको लगानी

(झ)	वार्षिक आम्दानी ।

६.	**<u>ट्राभल सम्वन्धी सिफारिसका आधार</u>**: ट्राभल सम्बन्धी कार्य गर्ने व्यक्ति वा संस्थालाई सम्मान गर्न सिफारिस गर्ने आधारहरु देहाय बमोजिम हुनेछन्:

(क)	वैदेशिक मुद्रा आर्जन

(ख)	रोजगारी सृजना

(ग)	राजस्व संकलन

(घ)	सेवा पुर्‍याएको समूहको संख्या

(ङ)	सवारी साधनहरुको संख्या

(च)	सेवा पुर्‍याएको क्षेत्र

(छ)	व्यवसाय शुरु गरेको अवधि

(ज)	आफ्नो भवन

(झ)	हाल सम्मको लगानी

(ञ)	औजारहरुको उपलब्धता

(ट)	वार्षिक आम्दानी ।

७.	**<u>ट्रेकिङ्ग/पर्वतारोहण सम्वन्धी सिफारिसका आधार</u>**: ट्रेकिङ्ग/पर्वतारोहण सम्बन्धी कार्य गर्ने व्यक्ति वा संस्थालाई सम्मान गर्न सिफारिस गर्ने आधारहरु देहाय बमोजिम हुनेछन्:

(क)	वैदेशिक मुद्रा आर्जन

(ख)	रोजगारी सृजना

(ग)	राजस्व संकलन

(घ)	सेवा पुर्‍याएको समूहको संख्या

(ङ)	यो व्यवसाय शुरु गरेको

(च)	काम गरेको अवधि

(छ)	हाल सम्मको लगानी

(ज)	आफ्नो भवन

(झ)	औजारहरुको उपलब्धता

(ञ)	वार्षिक आम्दानी ।

८. **<u>र्‍याफ्टिङ्ग सम्बन्धी सिफारिसका आधार</u>**: र्‍याफ्टिङ्ग सम्बन्धी कार्य गर्ने व्यक्ति वा संस्थालाई सम्मान गर्न सिफारिस गर्ने आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) वैदेशिक मुद्रा आर्जन

(ख) रोजगारी सृजना

(ग) राजस्व संकलन

(घ) सेवा विस्तार

(ङ) दर्ता नविकरण

(च) आफ्नो कार्यालय भवन भए/नभएको

(छ) संलग्न व्यक्ति समूह/संचालक

(ज) र्‍याफ्टिङ्ग सम्वन्धी औजारहरुको उपलब्धता

(झ) आफ्नो संलग्नता र अनुभव अवधि ।

९. **<u>पर्यटन पत्रकार सम्वन्धी सिफारिसका आधार</u>**: पर्यटन पत्रकार सम्बन्धी कार्य गर्ने व्यक्ति वा संस्थालाई सम्मान गर्न सिफारिस गर्ने आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) पर्यटनको विषयमा प्रकाशित लेखहरुको संख्या वार्षिक

(ख) लेखहरु पर्यटन विकासको लागि प्रोत्साहित गर्ने विषयहरु

(ग) प्रकाशनहरुको सत्यता

(घ) पत्रिकाको स्तर श्रेणी (साप्ताहिक, दैनिक, पाक्षिक/मासिक)

(ङ) पत्रिकामा संलग्न भएको अवधि ।

(च) पत्रिकाको छपाई हुने प्रति

१०. **<u>एयरलायन्स सम्बन्धी सिफारिसका आधार</u>**: एयरलायन्स सम्बन्धी कार्य गर्ने व्यक्ति वा संस्थालाई सम्मान गर्न सिफारिस गर्ने आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) संचालन भएका एयरलायन्सको संख्या

(ख) वैदेशिक मुद्रा आर्जन

(ग) राजस्व संकलन

(घ) रोजगारी सृजना

(ङ) दुर्गम क्षेत्रमा सेवा विस्तार

(च) नियमित नविकरण लगायतका कार्यहरु

(छ) एयरलायन्स खोलेको वर्ष र अनुभवको अवधि

(ज) आफ्नै भवन

(झ) संलग्न भएको अवधि ।

११. **<u>टुरिष्ट गाइड सम्बन्धी सिफारिसका आधार</u>:** टुरिष्ट गाइड सम्बन्धी कार्य गर्ने व्यक्ति वा संस्थालाई सम्मान गर्न सिफारिस गर्ने आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) सेवा पुर्याएका समूहको संख्या

(ख) सम्पन्न गरेका महत्वपूर्ण कार्यहरु

(ग) काम गरेको वर्ष

(घ) तालिम लिएको/नलिएको

(ङ) तालिम लिएको भए स्वदेशी/विदेशी ।

१२. **<u>ट्रेकिङ्ग गाइड सम्बन्धी सिफारिसका आधार</u>:** ट्रेकिङ्ग गाइड सम्बन्धी कार्य गर्ने व्यक्ति वा संस्थालाई सम्मान गर्न सिफारिस गर्ने आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) सेवा पुऱ्याएका समूहको संख्या

(ख) सम्पन्न गरेका महत्वपूर्ण कार्यहरु

(ग) काम गरेको वर्ष

(घ) तालिम लिएको/नलिएको

(ङ) तालिम लिएको भए स्वदेशी/विदेशी ।

१३. **<u>क्लाइम्बर गाइड सम्बन्धी सिफारिसका आधार</u>:** क्लाइम्बर गाइड सम्बन्धी कार्य गर्ने व्यक्ति वा संस्थालाई सम्मान गर्न सिफारिस गर्ने आधारहरु देहाय बमोजिम हुनेछन्:

(च) आरोहरण गरेका हिमालको संख्या

(छ) सेवा पुर्याएका समूहको संख्या

(ज) सम्पन्न गरेका महत्वपूर्ण कार्यहरु

(झ) काम गरेको वर्ष

(ञ) तालिम लिएको/नलिएको

(ट) तालिम लिएको भए स्वदेशी/विदेशी ।

**१४.** **<u>एयर स्पोर्टस (प्याराग्लाइडिङ्ग, अल्ट्रालाइट लगायत) सम्वन्धी कार्य सम्वन्धी सिफारिस गर्ने आधार</u>**: एयर स्पोर्टस (प्याराग्लाइडिङ्ग, अल्ट्रालाइट लगायत) सम्वन्धी कार्य गर्ने व्यक्ति वा संस्थालाई सम्मान गर्न सिफारिस गर्ने आधारहरु देहाय बमोजिम हुने छन्:

(क) सेवाले योगदान पुऱ्याएको क्षेत्र

(ख) सम्पन्न गरेका महत्वपूर्ण कार्यहरु

(ग) कार्य शुरु गरेको वर्ष

(घ) आफ्नै भवन भए/नभएको

(ङ) तालिम लिएको/नलिएको लिएको भए स्वदेशी/विदेशी

(च) रोजगार उपलब्ध गराएको संख्या ।

**१५.** **<u>छनोट गर्ने प्रकृयाहरु</u>**:

(१) उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थालाई अनुसूची १ मा उल्लेखित फारम सहितको विवरण माग गर्न सूचना प्रकाशित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम विवरणहरु सिफारिस समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) सिफारिस समितिले सिफारिस गरे अनुसार मन्त्रालयले निर्णय गरी सम्मान गरिनेछ ।

(४) उपदफा (३) बमोजिम सम्मान गर्दा विशेष कार्यक्रम आयोजना गरी सम्मान गरिनेछ ।

**१६.** **<u>होटल व्यवसाय सम्वद्ध व्यक्ति वा संस्थालाई सम्मान गर्ने सिफारिस समिति</u>**: होटल व्यवसायसँग सम्वद्ध व्यक्ति तथा संस्थाहरुलाई सम्मान गर्नका लागी सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ:

(क) नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, योजना तथा मूल्यांकन महाशाखा प्रमुख – संयोजक

(ख) पर्यटन विभाग, होटल शाखा प्रमुख - सदस्य

(ग) होटल एशोसियसन अफ नेपालका अध्यक्ष – सदस्य

(घ) नेपाल पर्यटन बोर्डको सम्वन्धित डेस्क हेर्ने कम्तिमा वरिष्ठ अधिकृत स्तरको प्रतिनिधि- सदस्य

(ङ) नेपाल सरकार, संस्कृति, पर्यटना तथा नागरिक उड्डयन मन्त्रालयका अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव ।

**१७.** **<u>ट्राभल कार्यसँग सम्वद्ध व्यक्ति वा संस्थाको लागि सिफारिस समिति</u>**: ट्राभल सम्वन्धी कार्यसँग सम्वद्ध व्यक्ति वा संस्थाहरुलाई सम्मान गर्न सिफारिस गर्ने प्रयोजनका लागि देहायको सिफारिस समिति रहनेछ:

(क) नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, योजना तथा मूल्यांकन महाशाखा प्रमुख – संयोजक

(ख) पर्यटन विभाग, ट्राभल शाखा हेर्ने शाखा प्रमुख - सदस्य

(ग) ट्राभल एजेन्सी एशोसियसन अफ नेपालका अध्यक्ष – सदस्य

(घ) नेपाल पर्यटन बोर्डको सम्वन्धित डेस्क हेर्ने कम्तिमा वरिष्ठ अधिकृत स्तरको प्रतिनिधि- सदस्य

(ङ) नेपाल सरकार, संस्कृति, पर्यटना तथा नागरिक उड्डयन मन्त्रालयका अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव ।

१८. **<u>ट्रेकिङ्ग/पर्वतारोहण कार्यसँग सम्वद्ध व्यक्ति वा संस्थाको लागि सिफारिस समिति</u>**: ट्रेकिङ्ग/पर्वतारोहण सम्वन्धी कार्यसँग सम्वद्ध व्यक्ति वा संस्थाहरुलाई सम्मान गर्ने सिफारिस गर्ने प्रयोजनाका लागि देहाय बमोजिमको सिफारिस समिति रहनेछः

(क) नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, योजना तथा मूल्यांकन महाशाखा प्रमुख – संयोजक

(ख) पर्यटन विभाग, ट्रेकिङ्ग/पर्वतारोहण शाखा प्रमुख - सदस्य

(ग) ट्रेकिङ्ग/पर्वतारोहण एजेन्सी एशोसियसन अफ नेपालका अध्यक्ष – सदस्य

(घ) नेपाल पर्यटन बोर्डको सम्वन्धित डेस्क हेर्ने कम्तिमा वरिष्ठ अधिकृत स्तरको प्रतिनिधि- सदस्य

(घ) नेपाल सरकार, संस्कृति, पर्यटना तथा नागरिक उड्डयन मन्त्रालयका अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव ।

१९. **<u>ऱ्याफ्टिङ्ग कार्यमा सम्वद्ध व्यक्ति वा संस्थाको लागि सिफारिस समिति</u>**: ऱ्याफ्टिङ्ग सम्वन्धी कार्य सम्वद्ध व्यक्ति तथा संस्थाहरुलाई सम्मान गर्ने सिफारिस गर्ने प्रयोजनका लागि देहायको सिफारिस समिति रहनेछः

(क) नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, योजना तथा मूल्यांकन महाशाखा प्रमुख – संयोजक

(ख) नेपाल ऱ्याफ्टिङ्ग एशोसियसनको अध्यक्ष वा प्रतिनिधि – सदस्य

(ग) नेपाल पर्यटन बोर्डको सम्वन्धित डेस्क हेर्ने कम्तिमा वरिष्ठ अधिकृत स्तरको प्रतिनिधि- सदस्य

(घ) नेपाल सरकार, संस्कृति, पर्यटना तथा नागरिक उड्डयन मन्त्रालयका अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव

२०. **<u>पर्यटन पत्रकार सम्वद्ध व्यक्ति वा संस्थको लागि सिफारिस समिति</u>**: पर्यटन पत्रकार सम्वद्ध व्यक्ति तथा संस्थाहरुलाई सम्मान गर्न सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको सिफारिस समिति रहनेछ:

(क) नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, योजना तथा मूल्यांकन महाशाखा प्रमुख – संयोजक

(ख) पर्यटन विभागका महानिर्देशक - सदस्य

(ग) नेपाल पर्यटन बोर्डको सम्वन्धित डेस्क हेर्ने कम्तिमा वरिष्ठ अधिकृत स्तरको प्रतिनिधि- सदस्य

(घ) पर्यटन पत्रकार सँग सम्वन्धित संस्थाको अध्यक्ष वा प्रतिनिधि – सदस्य

(ङ) नेपाल सरकार, संस्कृति, पर्यटना तथा नागरिक उड्डयन मन्त्रालयका अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव ।

२१. **<u>एयरलायन्स सम्वन्धी व्यक्ति वा संस्थाको लागि सिफारिस समिति</u>**: एयरलायन्स सम्वन्धी कार्य सम्वद्ध व्यक्ति तथा संस्थाहरुलाई सम्मान गर्न सिफारिस गर्ने प्रयोजनका लागि देहायको सिफारिस समिति रहनेछ:

(क) नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, योजना तथा मूल्यांकन महाशाखा प्रमुख – संयोजक

(ख) हवाई उद्योग महाशाखा प्रमुख – सदस्य

(ग) नेपाल नागरिक उड्डयन प्रधिकरणको प्रतिनिधि - सदस्य

(घ) एयरलायन्स सँग सम्वन्धित संस्थाको अध्यक्ष वा प्रतिनिधि – सदस्य

(ङ) नेपाल सरकार, संस्कृति, पर्यटना तथा नागरिक उड्डयन मन्त्रालयका अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव ।

२२. **<u>टुरिष्ट गाइड सम्वन्धी व्यक्ति वा संस्थाका लागि सिफारिस समिति</u>**: टुरिष्ट गाइड सम्वन्धी कार्य सम्वद्ध व्यक्ति तथा संस्थाहरुलाई सम्मान गर्न सिफारिस गर्ने प्रयोजनका लागि देहायको सिफारिस समिति रहनेछ:

(क) नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, योजना तथा मूल्यांकन महाशाखा प्रमुख – संयोजक

(ख) पर्यटन विभागको पर्वतारोहण शाखा प्रमुख – सदस्य

(ग) टुरिष्ट गाइड सम्वन्धी संस्थाको अध्यक्ष – सदस्य

(घ) नेपाल पर्यटन बोर्डको सम्वन्धित डेस्क हेर्ने कम्तिमा वरिष्ठ अधिकृत स्तरको प्रतिनिधि- सदस्य

(ङ) क्लाइम्बर गाइड सँग सम्वन्धित संस्थाको अध्यक्ष वा प्रतिनिधि – सदस्य

(**च**) नेपाल सरकार, संस्कृति, पर्यटना तथा नागरिक उड्डयन मन्त्रालयका अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव

२३. **<u>ट्रेकिङ्ग गाइड सम्वन्धी व्यक्ति वा संस्थाका लागि सिफारिस समिति</u>:** ट्रेकिङ्ग गाइड सम्वन्धी कार्य सम्वद्ध व्यक्ति तथा संस्थाहरुलाई सम्मान गर्ने सिफारिस गर्ने प्रयोजनका लागि देहायको सिफारिस समिति रहनेछ:

(क) नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, योजना तथा मूल्यांकन महाशाखा प्रमुख – संयोजक

(ख) पर्यटन विभागको पर्वतारोहण शाखा प्रमुख – सदस्य

(ग) ट्रेकिङ्ग गाइड सम्वन्धी संस्थाको अध्यक्ष – सदस्य

(घ) नेपाल पर्यटन बोर्डको सम्वन्धित डेस्क हेर्ने कम्तिमा वरिष्ठ अधिकृत स्तरको प्रतिनिधि- सदस्य

(**ङ**) क्लाइम्बर गाइड सँग सम्वन्धित संस्थाको अध्यक्ष वा प्रतिनिधि – सदस्य

(**च**) नेपाल सरकार, संस्कृति, पर्यटना तथा नागरिक उड्डयन मन्त्रालयका अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव

२४. **<u>क्लाइम्बर गाइड सम्वन्धी व्यक्ति वा संस्थाका लागि सिफारिस समिति</u>:** क्लाइम्बर गाइड सम्वन्धी कार्य सम्वद्ध व्यक्ति तथा संस्थाहरुलाई सम्मान गर्ने सिफारिस गर्ने प्रयोजनका लागि देहायको सिफारिस समिति रहनेछ:

(छ) नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, योजना तथा मूल्यांकन महाशाखा प्रमुख – संयोजक

(ज) पर्यटन विभागको पर्वतारोहण शाखा प्रमुख – सदस्य

(झ) नेपाल पर्वतारोहण संघको अध्यक्ष – सदस्य

(ञ) नेपाल पर्यटन बोर्डको सम्वन्धित डेस्क हेर्ने कम्तिमा वरिष्ठ अधिकृत स्तरको प्रतिनिधि- सदस्य

(ट) क्लाइम्बर गाइड सँग सम्वन्धित संस्थाको अध्यक्ष वा प्रतिनिधि – सदस्य

(ठ) नेपाल सरकार, संस्कृति, पर्यटना तथा नागरिक उड्डयन मन्त्रालयका अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव

२५. **<u>एयर स्पोर्टस (प्याराग्लाइडिङ्ग, अल्ट्रालाइट लगायत) सम्वन्धी कार्य  सम्वन्धी कार्यका व्यक्ति वा संस्थाका लागि सिफारिस समिति</u>:** एयर स्पोर्टस (प्याराग्लाइडिङ्ग, अल्ट्रालाइट लगायत) सम्वन्धी कार्य  सम्वन्धी कार्य सम्वद्ध व्यक्ति तथा संस्थाहरुलाई सम्मान गर्ने सिफारिस गर्ने प्रयोजनको लागि देहायको सिफारिस समिति रहनेछ:

(क) नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, योजना तथा मूल्यांकन महाशाखा प्रमुख – संयोजक

(ख) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, हवाई शाखा प्रमुख – सदस्य

(ग) नेपाल पर्यटन बोर्डको सम्वन्धित डेस्क हेर्ने कम्तिमा वरिष्ठ अधिकृत स्तरको प्रतिनिधि- सदस्य

(घ) एयर स्पोर्टस (प्याराग्लाइडिङ्ग, अल्ट्रालाइट लगायत) सम्वन्धी कार्य सँग सम्वन्धित संस्थाको अध्यक्ष वा प्रतिनिधि – सदस्य

(ङ) नेपाल सरकार, संस्कृति, पर्यटना तथा नागरिक उड्डयन मन्त्रालयका अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव

२६. **<u>सिफारिस समितिको बैठक</u>**: (१) सिफारिस समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक, निर्णय तथा अन्य कार्यविधि सिफारिस समिति आफैले निर्धारण गर्न सक्नेछ ।

२७. **<u>छुट्टै समिति गठन गर्न सक्ने</u>**: यस कार्यविधिमा उल्लिखित विधा वाहेक अन्य विधाहरुमा संलग्न पर्यटन सम्वद्ध व्यक्ति तथा संस्थालाई सम्मान गर्नको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्इयन मन्त्रालयले छुट्टै समिति गठन गरी सिफारिस गर्ने व्यवस्था गर्न र सम्मान गर्न सक्नेछ ।

२८. **<u>आवश्यक बजेट व्यवस्था गर्ने</u>**: सम्मान गर्ने कार्यको लागि मन्त्रालयले वार्षिक बजेटमा बजेटको व्यवस्था गर्नेछ ।

२९. **<u>जानकारी माग गर्ने सक्ने</u>**: (१) सिफारिस समितिको गठन पश्चात मन्त्रालयले सम्भाव्य उत्कृष्ट तथा संस्थाहरुको सूची तयार गर्नको लागि राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरी वा अन्य कुनै माध्यमबाट सम्वन्धित क्षेत्रका व्यक्ति तथा संस्थाहरुको जानकारी माग गर्नेछ ।

(२) दफा २४ बमोजिमको विवरण माग गर्दा अनुसूची -१ को ढाँचामा विवरण माग गर्नु पर्नेछ ।

३०. **<u>नाम सिफारिस गर्ने</u>**: सिफारिस समितिहरुले सूचनाको आधारमा प्राप्त भएका जानकारी तथा अन्य जानकारीहरुबाट समेत सम्भाव्य उत्कृष्ट व्यक्ति तथा संस्थाहरुको नामहरु सिफारिस गर्न सक्नेछ ।

३१. **<u>थप आधार लिन सकिने</u>**: सिफारिस समितिले प्राथमिकता अनुसार सम्मान गर्ने व्यक्ति वा संस्थाको सिफारिस गर्नेछ । सिफारिस समितिले सम्वन्धित क्षेत्रको सिफारिस गर्ने आधारहरुको अंक भार निर्धारण गरी यस कार्यविधिमा उल्लेख भएका विषयहरु बाहेकका थप अन्य आधारमा समेत सिफारिस गर्न सक्नेछ । यसरी सिफारिस गर्दा सिफारिस गरिएका आधारहरुको समेत उल्लेख गरी सिफारिस गर्नु पर्नेछ ।

३२. **<u>बिबरण तयार गर्ने</u>:** सिफारिस समितिको सिफारिसको प्राथमिकताको आधारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सम्मानित गर्ने व्यक्ति वा संस्थाहरुको विवरण तयार गर्नेछ ।

३३. **<u>निर्णय गर्ने अधिकार</u>:** सिफारिस समितिबाट सिफारिस गरेको आधारमा तयार पारेको विवरणबाट सम्मानित हुने उत्कृष्ट व्यक्ति तथा संस्थालाई सम्मान गर्न निर्णय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

३४. **<u>महत्वपूर्ण दिवसको अवसर पारी सम्मान गरिने</u>:** (१) सम्मानित हुने व्यक्ति तथा संस्था छनोट गरी सकेपछि कुनै महत्वपूर्ण दिवसको अवसरमा व्यक्ति तथा संस्थालाई सम्मान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै महत्वपूर्ण दिवसको अवसरमा सम्मान गर्न नसकेमा मन्त्रालयले कुनै पनि दिनमा सम्मान गर्न सक्नेछ ।

३५. **<u>सम्मान पत्रको ढाँचा</u>:** सम्मान गर्दा सम्मानित हुनेहरुलाई अनुसूची २ बमोजिमको सम्मान पत्रले सम्मान गरिनेछ ।

३६. **<u>एकै समयमा सम्मान गरिने</u>:** विशेष दिवसको अवसरमा सम्मान गर्ने अवस्था वाहेक अन्य अवस्थामा सवै विधाहरुबाट सम्मानित हुनेहरुलाई एकै दिनमा र एकै स्थानमा सम्मान गरिनेछ । ।

३७. **<u>प्रत्येक वर्ष सम्मान कार्यक्रम आयोजना गर्ने</u>:** (१) सामान्यतया वर्षको एक पटक एउटा विधाको लागि सम्मान कार्यक्रम राखिनेछ ।

(२) कुनै आर्थिक वर्ष भित्र कुनै विशेष कारणले सम्मान गर्ने कार्यक्रम राख्न नसकेमा कुनै पनि आर्थिक वर्षमा विगतमा सम्मानित गर्न सिफारिस गरिएका व्यक्ति वा संस्थालाई समेत सम्मान गरिनेछ ।

३८. **<u>अघिल्ला वर्षको सम्मान प्रदान गर्न सकिने</u>:** दफा ३३ बमोजिम सिफारिस हुने व्यक्ति तथा संस्थाको छनोट नभएको अवस्थामा चालु आर्थिक वर्षको लागि गठन भएका सिफारिस समितिले समेत गत आर्थिक वर्षहरुमा सम्मानित हुने व्यक्ति वा संस्थाहरुको समेत सिफारिस गर्न सक्नेछ ।

तर यो कार्यविधि स्वीकृत हुनु भन्दा अगाडीको आर्थिक वर्षको लागि उत्कृष्ठ व्यक्ति तथा संस्था सिफारिस गरिने छैन र सम्मानित समेत गरिनेछैन ।

३९. **<u>छनौट र निर्णय गर्ने अन्तिम अधिकार मन्त्रालयलाई हुने</u>:** माथि उल्लेख भए बमोजिमको प्रकृया अनुसार सिफारिस समितिबाट सिफारिस नभएको अवस्थामा मन्त्रालयले निर्णय गरी सम्मान गर्ने व्यक्ति वा सस्था छनोट गर्न र छनोट गरिएका संस्थालाई सम्मान गर्न सकिनेछ ।

४०. **<u>व्याख्या गर्ने अधिकार</u>:** यस कार्यविधिमा उल्लेख भएका विषयको व्याख्या गर्ने अधिकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई हुनेछ ।

## अनुसूची – १

### पर्यटन सम्वद्ध व्यक्ति तथा संघ संस्थाहरुलाई सम्मान गर्न विवरण माग गर्ने फाराम

१. आवेदक संस्था वा व्यक्तिको नाम, थर: .........................................

उमेरः...........................

स्थायी ठेगाना ................................अञ्चल...........................................जिल्ला...........................................गा.वि.स./न.पा

सम्पर्क ठेगानाः............................................. फोन नं. ............ ........... .मोवाइल नं.........................

ई–मेलः...................

२. सम्वद्ध क्षेत्र:

(सम्बन्धित एउटा क्षेत्रमा (√) चिन्ह लगाउने)

(क) होटल व्यवसाय

(ख) ट्राभल सम्वन्धी कार्य

(ग) ट्रेकिङ्ग/पर्वतारोहण सम्वन्धी कार्य

(घ) ऱ्याफ्टिङ्ग सम्बन्धी कार्य

(ङ) पर्यटन पत्रकार

(च) एयरलायन्स सम्बन्धी

(छ) टुरिष्ट गाइड सम्वन्धी कार्य

(ज) ट्रेकिङ्ग गाइड सम्वन्धी कार्य

(झ) क्लाइम्बर गाइड सम्वन्धी कार्य

(ञ) एयर स्पोर्टस (प्याराग्लाइडिङ्ग, अल्ट्रालाइट लगायत) सम्वन्धी कार्य  सम्वन्धी कार्य

(ट) विविध

३. सम्बन्धित व्यक्ति वा संस्थाले गरेको योगदानः

(क) वैदेशिक मुद्रा आर्जन:

(ख) रोजगारी सृजना:

(ग) राजस्व संकलन:

(घ) दुर्गम क्षेत्रमा सेवा विस्तार:

(ङ) व्यवसाय शुरु गरेको अवधि:

(च) राजस्व बांकी बक्यौता भए/नभएको

(छ) हाल सम्मको लगानी:

(ज) वार्षिक आम्दानी:

(झ) अन्य:

४. यस अघि यही सम्मान प्राप्त गरेको भए वर्ष:

५. संलग्न कागजातहरूः.........................................................................

**विवरण पेश गर्नेको**:

हस्ताक्षर:

नाम:

ठेगाना:

इमेल:

टेलिफोन नं.

मोवाईल नं.

नोटः अन्य केही भए छुट्टै पानामा उल्लेख गरी पेश गर्न सकिनेछ ।

**अनुसूची -२**

**(पर्यटन सम्वद्ध व्यक्ति तथा संघ संस्थाहरुलाई सम्मान गर्ने सम्मान पत्रको नमूना)**

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# सम्मान-पत्र

तपाई श्री/श्रीमती/सुश्री ........................................ ............................... ले आर्थिक वर्ष ...... ..... ...मा .... .... (क्षेत्रमा)... .... ... .. ........ ... ... .. उत्कृष्ट कार्य गरी नेपालको पर्यटन क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको हुँदा यो **सम्मान पत्र** प्रदान गरिएको छ ।

नेपालको पर्यटन क्षेत्रको विकास, विस्तार तथा प्रवर्द्धनका लागि नेपाल सरकारले यहाँबाट थप योगदानको अपेक्षा राखेको छ । यहाँको उत्तरोत्तर प्रगति तथा उज्ज्वल भविष्यको कामना समेत व्यक्त गर्दछौं ।

| | |
|---|---|
| ..................... | .................. |
| ..................... | ..................... |
| सचिव | मन्त्री |

मितिः-